आज मिति २०८१/४/२० गते आइतबारका दिन दिउँसो ३:०० बजे इलाम नगरपालिकाका प्रमुख श्री केदार थापाज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको ~~३०औं~~ प्रथम बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति :-

प्रमुख श्री केदार थापा
उपप्रमुख श्री बिष्णु कुमारी लिम्बु (दाहाल)
वडाध्यक्ष श्री गायत्रीराम बस्नेत
" श्री गिरिराज रिजाल
" श्री हेमबहादुर सुनवार
" श्री नुतनदेव दुलाल
" श्री काजी बहादुर श्रेष्ठ
" श्री दुर्गा श्रेष्ठ
" श्री नरेश श्रेष्ठ
" श्री दलमान तामाङ
" श्री गोपाल चौहान
" श्री ओमनाथ प्रधान
" श्री टोसी अबेज
" श्री लारखमान लिम्बु
का.पा.स. श्री डायना राई
" श्री सरीमाया आङ्गदेम्बे
" श्री धनमाया लिम्बु
" श्री कुमारी लवागुन
" श्री बिबि लिम्बु
" श्री बिरेन्द्र बहादुर राई
" श्री देवेन्द्र खरिपा
" श्री दिपक तिरुवा
सचिव प्र.प्र.अ. श्री गणेश कुमार खड्का

बैठक व्यवस्थापन कर्मचारी :-
प्र.अ. श्री बबुल भट्टराज
सव‍इन्जिनियर श्री बासुदेव पोखरेल

## मिति २०८१।०४।२० गतेको कार्यपालिका बैठकको निर्णयहरु :-

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं.७८७७४ मिति २०८१।०३।३१ को पत्रबाट प्राप्त नदिजन्य पदार्थ उत्खनन् एवं संकलन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सम्बन्धी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. इलाम नगरपालिका क्षेत्र भित्र रासायनिक मल बिक्री वितरण गर्ने सहकारी संस्था (मल डिलर) हरुको अनुगमन प्रतिवेदन उपर छलफल गरियो । उक्त प्रतिवेदनबाट औंल्याईएका समस्या, सुझाव र डिलरहरुको भनाईहरुलाई आवश्यक रुपमा कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

३. इलाम नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८१।४।१५ को निर्णय सहितको सिफारिस बमोजिम देहायको निवेदकहरुलाई "घ" वर्गको निर्माण व्यवसायीहरुका साथै ठाउँसारी र नामसारीको लागि सिफारिस भएका निम्न निवेदकहरुलाई प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित फर्मको र ठेगाना | निर्माण व्यवसायिको इजाजत प्रदान हुन सिफारिस गरिएको फर्मको नाम , प्रोपाइटरको नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री बिक्रम प्रसाद अधिकारी, माईजोगमाई गा ०१-.पा. इलाम | धुम्केरानी निर्माण सेवा, इलाम नगरपालिका वडा नं०७-., इलाम | धुम्केरानी निर्माण सेवा, इलाम नगरपालिका वडा नं-. ०७, इलाम प्रो. श्री बिक्रम प्रसाद अधिकारी, माईजोगमाई गाइलाम ०१-.पा. |
| २ | श्री धनमाया राई ,०७-.पा.न.इ , इलाम | लुङ्गमा एण्ड युसामा कनस्ट्रक्सन , इलाम ,०७-.पा.न.इ | लुङ्गमा एण्ड युसामा कनस्ट्रक्सन इलाम ,०७-.पा.न.इ , प्रोइलाम ,०७-.पा.न.इ ,श्री धनमाया राई . |

नामसारी र ठाउँसारी

| सि.न. | साविकको फर्मको नाम, प्रो . नाम र ठेगाना | नामसारी तथा ठाउँसारी हुनुपर्ने फर्मको नाम, प्रोनाम र ठेगाना . | नामसारी तथा ठाउँसारी हुन सिफारीस गरीएको फर्मको नाम, ठेगाना, प्रोनाम र ठेगाना. |
|---|---|---|---|
| १ | श्री एस डि कन्स्ट्रक्सन , ,०२-.पा.फाकफोकथुम गा ,शुसिला देवि ढुंगाना .प्रो, इलाम ०७- .पा.न.इ, इलाम | श्री एस डि कन्स्ट्रक्सन०७- .पा.न.इ ,, इलाम, प्रो०७- .पा.न.इ ,शुसिला देवि ढुंगाना ., इलाम | श्री एस डि कन्स्ट्रक्सन०७- .पा.न.इ ,, इलाम- .पा.न.इ ,शुसिला देवि ढुंगाना .प्रो , ०७, इलाम |
| २ | श्री देविथान निर्माण सेवा , १२- .पा.न.इ, इलामदर्शन .प्रो , राई | श्री एक्तेन निर्माण सेवा११- .पा.न.इ ,, इलाम, प्रो११- .पा.न.इ ,इन्द्र कुमार एक्तेन लिम्बु ., इलाम, | श्री एक्तेन निर्माण सेवा११- .पा.न.इ ,, इलाम ११- .पा.न.इ ,इन्द्र कुमार एक्तेन लिम्बु .प्रो ,, इलाम, |

४. इलाम नगरपालिकाको आ.व. २०८१/८२ र २०८२/८३ (केहि ठेक्काहरुको लागि) आय ठेक्का व्यवस्थापनका लागि मिति २०८१/०४/१३ गते दोश्रो पटक प्रकाशित सूचना अन्तर्गतको ठेक्का नम्बर : ५, बिज्ञापन करको आय ठेक्का सम्वन्धमा सरोकारवालाहरुबाट सो ठेक्काको प्रकृति अनुसार नगर क्षेत्र भित्रका मात्र नभई देश भरकै ठेक्का प्रस्तावदाताहरुले समेत प्रतिस्पर्धा गर्ने किसिमको भएकोमा सबैले पर्याप्त सुचना प्राप्त गर्न नसकेको तथा उल्लेखित सुचनाको म्याद भित्र टाढाका प्रस्तावदाताहरुले प्रस्ताव पेश गर्ने पर्याप्त समय नपाएको भन्ने गुनासो आएको तथा उल्लेखित आय ठेक्का विगत आ.व. मा ३ बर्षको अवधि दिई व्यवस्थापन गरिएको र हाल २ बर्ष मात्र अवधि राखी ठेक्का आव्हान भएकोमा उल्लेखित ठेक्का अवधि पुनरावलोकन गरिदिन सुझाव समेत आएकोले उल्लेखित गुनासो तथा सुझावहरुको उपयुक्त सम्बोधन हुने गरि उक्त आय ठेक्काको सम्वन्धमा थप छलफल र पुनरावलोकन गर्न आवश्यक भएकोले उल्लेखित आय ठेक्काको व्यवस्थापन सम्वन्धमा आगामी वैठकको निर्णय अनुसार हुने गरि उक्त आय ठेक्काको हाल सम्मको सम्पूर्ण प्रक्रिया रद्ध गर्ने निर्णय गरियो ।

५. इलाम नगरपालिका वडा नं.८ बुङ्दामेटारमा औद्योगिक ग्राम निर्माणको लागि जिल्ला सहकारी संघ लिमिटेड इलामको स्वामित्वमा रहेको इलाम नगरपालिका वडा नं.८ (साविक इलाम नगरपालिका वडा नं.६) को ६।ग कि.नं.१५१ क्षेत्रफल ३३-२-०-१, ६।ग कि.नं.१० क्षेत्रफल ९-३-२-३ र ६।छ २७ क्षेत्रफल १०-९-३-१ को जग्गा प्रचलित कानून बमोजिम लिजमा लिने निर्णय गरियो ।

CamScanner

६. वादी झापा जिल्ला हल्दिबारी गाउँपालिका वडा नं.२ बस्ने डिकराम फागु, प्रतिवादी इलाम नगरपालिका, ८ नं.वडा कार्यालय, भएको जालसाज मुद्दामा वडा कार्यालयको तर्फबाट लिखित जवाफ/प्रतिवाद दर्ता गर्ने, तारेखमा बस्ने, कानुन व्यवसायी नियुक्त गर्ने लगायत मुद्दाका सम्पूर्ण कामकाज गर्न यस झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं.३ बस्ने मातृका तिम्सिनालाई अख्तियारनामा दिने निर्णय गरियो ।

७. इलाम नगरपालिका, पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम इलाम नगरपालिका वडा नं.३ पाटेनागी स्थित कालपोखरी थामडाँडा र पुवामाई सामुदायिक वन क्षेत्रलाई सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र घोषणा गरी सो दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण गरी पर्यापर्यटन गन्तव्य कायम गरी स्थानीय बासिन्दाको जीविकोपार्जनमा समेत टेवा पुर्याउनका लागि डिभिजन वन कार्यालय इलामको सहयोगमा रेडपाण्डा संरक्षण क्षेत्रको बाउण्ड्री सर्वेक्षण भई डिभिजन वन कार्यालय इलामको च.नं.८१ मिति २०८१।४।६ को पत्रसाथ बाउण्ड्री सर्वेक्षणको फिल्डबुक तथा नक्सा समेत प्राप्त भएको हुँदा इलाम नगरपालिका, वन ऐन, २०७८ को दफा-५९ बमोजिम इलाम नगरपालिका वडा नं.३ पाटेनागीस्थित कालपोखरी थामडाँडा र पुवामाई सामुदायिक वन क्षेत्रको ११६.२१ हेक्टर वन क्षेत्रलाई सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र घोषणा गरिएकोले उक्त क्षेत्रमा दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण गरी पर्यापर्यटन गन्तव्य कायम गरी स्थानीय बासिन्दाको जीविकोपार्जनमा समेत टेवा पुर्याउने व्यवस्था मिलाउने निर्णय गरियो ।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-२६ बमोजिम इलाम नगरपालिका र सन्दकपुर गाउँपालिका बीचको संयुक्त बैठकको निर्णय जानकारी भई कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

CamScanner

६. वादी झापा जिल्ला हल्दिबारी गाउँपालिका वडा नं.२ बस्ने डिकराम फागु, प्रतिवादी इलाम नगरपालिका, ८ नं.वडा कार्यालय, भएको जालसाज मुद्दामा वडा कार्यालयको तर्फबाट लिखित जवाफ/प्रतिवाद दर्ता गर्ने, तारेखमा बस्ने, कानुन व्यवसायी नियुक्त गर्ने लगायत मुद्दाका सम्पूर्ण कामकाज गर्न यस झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं.३ बस्ने मातृका तिम्सिनालाई अख्तियारनामा दिने निर्णय गरियो ।

७. इलाम नगरपालिका, पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम इलाम नगरपालिका वडा नं.३ पाटेनागी स्थित कालपोखरी थामडाँडा र पुवामाई सामुदायिक वन क्षेत्रलाई सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र घोषणा गरी सो दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण गरी पर्यापर्यटन गन्तव्य कायम गरी स्थानीय बासिन्दाको जीविकोपार्जनमा समेत टेवा पुर्याउनका लागि डिभिजन वन कार्यालय इलामको सहयोगमा रेडपाण्डा संरक्षण क्षेत्रको बाउण्ड्री सर्वेक्षण भई डिभिजन वन कार्यालय इलामको च.नं.८१ मिति २०८१।४।६ को पत्रसाथ बाउण्ड्री सर्वेक्षणको फिल्डबुक तथा नक्सा समेत प्राप्त भएको हुँदा इलाम नगरपालिका, वन ऐन, २०७८ को दफा-५९ बमोजिम इलाम नगरपालिका वडा नं.३ पाटेनागीस्थित कालपोखरी थामडाँडा र पुवामाई सामुदायिक वन क्षेत्रको ११६.२१ हेक्टर वन क्षेत्रलाई सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र घोषणा गरिएकोले उक्त क्षेत्रमा दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण गरी पर्यापर्यटन गन्तव्य कायम गरी स्थानीय बासिन्दाको जीविकोपार्जनमा समेत टेवा पुर्याउने व्यवस्था मिलाउने निर्णय गरियो ।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-२६ बमोजिम इलाम नगरपालिका र सन्दकपुर गाउँपालिका बीचको संयुक्त बैठकको निर्णय जानकारी भई कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

९. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-५४ बमोजिम यस नगरपालिकाले हालसम्म तोकिएको क्षेत्राधिकार बाहिर करारोपण नगरेको तथा आगामी दिनमा समेत क्षेत्राधिकार बाहिरका विषयमा करारोपण नगर्ने घोषणा गर्ने निर्णय गरियो ।